बैठक नं.९

आज मिति २०८३/११/३० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँस ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ९.१
मिति २०८२/१०/२९ मा बसेको नगरकार्यपालिकाको आठौं बैठकबाट पारित भएंका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ९.१

- बुटवल उपमहानगरपालिकाको ६७ औं स्थापना दिवस मनाउने गरी निर्णय लिइएको ।
- संङघीय विशेष र समपुरक अनुदानका आयोजना छनौट तथा प्राथमिकताक्रम छनोट गर्ने गरी निर्णय लिइएको ।
- नदीजन्य पदार्थको माग र उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय लिइएको ।
- बुटवल-८ निवासी अच्युत गौतम र तिलोत्तमा ९ निवासी पुजा शर्माबीच भएको विवाहा दर्ता रद्द गर्नका लागि प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ को परिच्छेद-५ दफा १८ को उपदफा (१) (घ) मा भएको कानूनी व्यवस्था बमोजिम अनुगमन तथा व्यवस्थापन समितिको सदस्य पदमा तोक्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं ५ स्थित हाटबजार शपिङ्ग कम्प्लेक्समा रहेका २, ५ र ३३ नं का सटरहरु दोहोरो मोहोडा हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गर्ने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- महाशिवरात्री पर्वको अवसरमा सम्पूर्ण उपमहानगरवासीहरुमा शुभकामना व्यक्त गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिकाको ६७ औं स्थापना दिवसको अवसरमा उपमहानगरपालिका बाट हाल सम्म भएका गतिविधिहरु सम्प्रेषण गर्नका लागि विभिन्न मिडियाहरुलाई विभिन्न किसिमको जिम्मेवारी दिने गरी आवश्यक निर्णय लिइएको ।

प्रस्ताव नं. ९.२
चालु आ.ब. को प्रारम्भ देखि हाल सम्म नगरकार्यपालिकाको वैठकबाट भएका निर्णहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ९.२

यस बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिका वैठकबाट देहायका मितिहरुमा भएका देहाएको संख्याका सम्पूर्ण निर्णयहरुको आजको वैठकमा समीक्षा गरियो । साथै बुटवल उपमहानगरपालिकाबाट चालु आ.ब. मा सम्पादन एवं कार्यान्वयन भएका गतिविधिहरुको बारेमा उपमहानगरपालिकाको ६७ औं स्थापना दिवसको अवसरमा विभिन्न सञ्चार माध्यमबाट उपमहानगरबासीहरुमा सुसुचित गराइएको हुँदा सोको समेत समीक्षा सहित अनुमोदन गरियो ।

| क.स. | वैठक मिति | वैठक संखया | वैठकमा भएका निर्णय संख्या |
| --- | --- | --- | --- |
| १ | २०८२।०४।१६ | १ | ५ |
| २ | २०८२।०६।३१ | २ | १३ |
| ३. | २०८२।०७।०२ | ३ | १२ |
| ४. | २०८२।०७।३० | ४ | १८ |
| ५. | २०८२।०८।२५ | ५ | ६ |
| ६. | २०८२।०९।०८ | ६ | १० |
| ७. | २०८२।१०।१४ | ७ | ९ |
| ८. | २०८२।१०।२९ | ८ | १० |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।

२०८२।११।२०